# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा नेपालको वित्तीय क्षेत्रका प्रमुख चुनौतीहरु विषयक गोष्ठीलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल आर्थिक संघद्वारा चैत ३० गते आयोजना गरिएको **"नेपालको वित्तीय क्षेत्रका प्रमुख चुनौतीहरु"** विषयक गोष्ठीलाई मुख्य वक्ताको रुपमा सम्बोधन गर्नुभयो ।




कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले नेपालको वित्तीय क्षेत्रमा वित्तीय क्षेत्र स्थायित्व, उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, वित्तीय पहुँचमा विस्तार र छायाँ (Shadow) बैकिङ नियन्त्रण प्रमुख चुनौतीहरु रहेको बताउनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुको संख्या वृद्धिको अनुपातमा वित्तीय पहुँच विस्तार हुन नसक्दा वित्तीय समावेशिता सन्तोषजनक स्तरमा नरहेको, उत्पादनशील क्षेत्रमा पर्याप्त लगानी हुन नसकेको, संस्थागत सुशासनको अभावमा बैंक तथा वित्तीय संस्थाहरु समस्यामा परेको, हुण्डी ढुकुटी तथा पर्याप्त नियमनमा नरहेका सहकारी संस्थाहरुबाट हुने गरेका अवैध कारोबारले वित्तीय क्षेत्रमा समस्या सृजना गरेको धारणा व्यक्त गर्नुभयो । मुलुकले लक्षित गरेका आर्थिक क्षेत्रमा लगानी बढाई आर्थिक विकासमा योगदान दिन र सामाजिक दायित्व निर्वाह गर्न उहाँले आग्रह गर्नुभयो ।

वित्तीय क्षेत्रको नियमन र निरीक्षण सन्तोषजनक अवस्थामा रहेको र नेपालको वित्तीय प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन थप प्रयास भइरहेको जानकारी दिँदै गभर्नर डा. नेपालले विदेशी बैंकका शाखा नेपालमा र नेपाली बैंकका शाखा विदेशमा खोलिने वातावरण तयार पार्ने उद्देश्य लिएर काम गर्नुपर्ने वताउनु भयो । संस्थाको सुसंचालनमा व्यवस्थापन पूर्ण जिम्मेवार बन्नुपर्नेमा जोड दिँदै कुशलतापूर्वक संस्था संचालन गरी नेपाल राष्ट्र बैंकलाई समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको संचालनको जिम्मेबारी कम गर्न उहांले आग्रह गर्नुभयो । गभर्नर डा. नेपालले केन्द्रीय बैंक नीतिगत व्यवस्थाको तर्जुमा तर्फ केन्द्रित हुन चाहेको जानकारी समेत दिनु भयो । लघुवित्त संस्थाहरुमा देखिएका विकृतितर्फ आफ्नो ध्यान गएको जानकारी पनि उहाँले कार्यक्रममा दिनुभयो । गैर कानुनी कारोबार र विचलन कुनै पनि हालतमा क्षम्य हुन नसक्ने भएकाले सबैलाई सचेत भएर काम गर्न उहाँले आग्रह गर्नुभयो ।

अर्थतन्त्रको प्रकृति र प्रवृत्ति हेरी नेपाल राष्ट्र बैंकको नीति, निर्देशनमा परिमार्जन हुने र सो क्रममा सरोकारवालाहरुसँग आवश्यक परामर्श पनि लिइने जानकारी दिँदै गभर्नर डा. नेपालले वित्तीय क्षेत्रको सुदृढीकरण र विकासका लागि चालिएका कदममा सबैको ऐक्यबद्धता आवश्यक रहेको धारणा राख्नुभयो ।

नेपाल आर्थिक संघका अध्यक्ष प्रा.डा. विश्वम्भर प्याकुऱ्यालको सभापतित्वमा भएको सो समारोहमा नेपाल बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेलले पनि मन्तब्य राख्नु भएको थियो ।

**२०७१ चैत ३०, सोमबार** **गभर्नरको कार्यालय**